फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

जापानको Specified Skill Worker (SSW) प्रणाली अन्तर्गत नेपाली नागरिकलाई जापानमा रोजगारीका अवसरहरु प्रदान गर्ने गरी नेपाल सरकार र जापान सरकारबीच सन् २०१९ मार्चमा एक श्रम समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो प्रणाली अनुरुप जापानिज भाषा तथा सीप परीक्षा उत्तीर्ण गरेका नेपाली नागरिकहरुले जापानमा रहेका १४ वटा विभिन्न पेशागत क्षेत्रहरुमा रोजगारी पाउनेछन् ।

जापानमा रोजगारी दिने गरी गरिएको उक्त समझदारीपत्रमा उल्लेख भएको संयुक्त कार्य समितिको पहिलो बैठक सन् २०२० को नोभेम्बर महिनामा भर्चुअल माध्यमद्वारा गरिएको थियो । पहिलो बैठकले गरेका निर्णयहरुको परिणामतः जापानमा केअरगिभर, कृषि, निर्माणक्षेत्र र रेष्टुरेण्टहरुमा करीब ८५० जना नेपाली नागरिकहरुले रोजगारी प्राप्त गरी SSW प्रणालीको लाभ लिइरहेका छन् ।

उक्त कार्यसमितिको दोश्रो बैठक यही १९ गते बिहीबार नेपालमा आयोजना गरिँदैछ । यसको लागि नेपाल सरकारको तर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव श्री राजीव पोखरेलको संयोजकत्वमा परराष्ट्र मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरुसमेत सम्मिलित चार सदस्यीय प्रतिनिधिमण्डल तोकिएको छ भने जापान सरकारको तर्फबाट सहायक उपमन्त्री श्री चोसुमो नाकागावाज्यूको नेतृत्वको एक प्रतिनिधिमण्डलले सो बैठकमा सहभागिता जनाउने छ । यस अनुसारका प्रतिनिधिमण्डलहरुको संयुक्त बैठकले नेपाली नागरिकहरुलाई जापानमा रोजगारी दिने सन्दर्भमा वृहद छलफल गरी उपयुक्त निर्णयका लागि नेपालको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र जापानका सम्बद्ध मन्त्रालयहरुमा सिफारिस गर्नेछ । यस सम्बन्धी विस्तृत विवरण संयुक्त कार्यसमितिको बैठक सम्पन्न भएपछि सम्बन्धित सबैको जानकारीको लागि संप्रेषण गरिनेछ ।

मिति: २०७९ श्रावण १८ गते

डण्डुराज घिमिरे
सहसचिव/प्रवक्ता